४३८

नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २६ गते ०१० साल

भाग २

अर्थविभागको सूचना

०६ साल आषाढ ३ गतेको गजेटबमोजिम कर्मचारीहरुले पाउने मतलबको वृद्धि हाल स्थगित गरी स्कुनिंगबाद कायम रहने जवानहरुलाई मात्र ०६ साल माघदेखिको एकमुष्ट दिने निर्णय भएकोले सोबमोजिम गर्ने, गर्नलाउनु भन्ने ०६ साल चैत्र १७ गतेका गजेटमा सूचना प्रकाश भएकोमा टाढा टाढाका अड्डाहरुमा सो गजेट ढिलो पुग्न गै कुनै कुनै अड्डाले खर्च पनि लेखिसकेको बुझिएकोले सूचना प्रकाश गरिन्छ। त्यस्तो वृद्धि खर्च लेखी गैसकेको भए पनि सबै यसरी तलबवृद्धि खर्च लेखिदिने अड्डाहरुले यो गजेट दाखिल भैसकेपछि खर्च लेखिने तलब भत्ताबाट यसरी बढी खर्च लेखिएको तलब कट्टा भर्ना गरी पछि जो निकाशा भै आउछ, सोबमोजिम गर्नुहोला।

आज्ञाले,

हिमालयशमशेर, सेक्रेटरी-अर्थविभाग.

(२१६)

२४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।